# लिम्चुङबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर

१ नं.प्रदेश,नेपाल

पत्र संख्या : ०७६/७७
चलानी नं. :

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाराहा, उदयपुर १ नं. प्रदेश, नेपाल

मिति : २०७७/१/२७

विषय : **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(३) को प्रयोजनार्थ गरिएको सूचना ।**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको (कोभिड-१९) नोवेल कोरोना भाईरसको कारणले चलिरहेको लकडाउनको अवस्थामा गाउँपालिकाको दैनिक जीवनयापनलाई सजह बनाउन यस गाउँपालिका क्षेत्रको अति विपन्न तथा मजदुर वर्गको लागी तत्काल राहत स्वरुप खाद्यान्न आपुर्ति गर्न मिति २०७७/१/१७ गतेको आकास्मिक गाउँ कार्यपालिकाको वैठकबाट निर्णय भएकोले सो को व्यवस्थापनको लागी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था सम्बन्धि प्रावधान भए बमोजिम मिति २०७७/१/१९ गते यस लिम्चुङबुङ गाउँपालिकाको सूचना पाटिमा सूचना टाँस गरिए बमोजिम सक्षम तथा ईच्छुक आपुर्तिकर्ताले आपुर्ति गर्नुपर्ने सामाग्रीहरुको दररेट सहितको प्रस्ताव पेश गर्नुपर्ने गरी सोझै आएर वा गाउँपालिकाको ईमेल ठेगाना ito.limchunbunmun@gmail.com मा आफ्नो दररेट सहितको प्रस्ताव पेश गर्नुपर्ने गरी मिति २०७७/१/१९ मा सार्वजनिक सूचना गरिएकोमा म्याद भित्र पेश हुन आएका सप्लायर्सहरु मनोकामना सप्लायर्स एण्ड ट्रेडर्स, अभिषेक पान भण्डार एण्ड जेनेरल स्टोर, पोखरेल एण्ड सन्स सप्लायर्स एण्ड ट्रेडर्स, बस्नेत श्री सप्लायर्स एण्ड ट्रेडर्स, खुश्वु ट्रेड सेन्टर र पाण्डे श्री सप्लायर्स एण्ड ट्रेडर्सहरुले पेश गरेको दररेट मध्य खुश्बु ट्रेड सेन्टर चामल प्रति के.जी. रु. ४४।-, बस्नेत श्री सप्लायर्स एण्ड ट्रेडर्सले दाल प्रति के.जी. रु. १२३।-, नुन प्रति के.जी. रु. २१ र तेल प्रति लिटर रु. १६३।- न्युनतम भएको मिति २०७७/१/२३ गतेको लिम्चुङबुङ गाउँपालिकाको वैठकले उक्त दररेट पास गरी तत् तत् सप्लायर्स सँग सम्झौता गरी खरिद प्रकृया शुरु गर्ने निर्णय भए बमोजिम तपशिलको विवरण र परिमाणको खाद्य सामाग्री खरिद गरी वितरण गरिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५(३) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं | विवरण | परिमाण (के.जी., लि.) | दर(के.जी./लि.) | जम्मा रु. |
|---|---|---|---|---|
| १ | सोना मन्सुली चामल | २०००० केजी | ४४ | ८,८०,००० |
| २ | मुसुरोको दाल | ४००० केजी | १२३ | ४,९२,००० |
| ३ | नुन | ७०० केजी | २१ | १४,७०० |
| ४ | सुर्यमुखी तेल | १००० लिटर | १६३ | १,६३,००० |
| | **जम्मा** | | | १५,४९,७००।- |

टार्जन कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत